श्री

# महोत्तरी जिल्ला अदालत

## जलेश्वर

प्रशासन फाँट

फोन नं.:- ५२००२१
:- ५२०२६३
फ्याक्सः- ५२०२६३

प.स:- ०७७/७८

च.नं. ३८८६

मितिः-२०७७/०९/१५

सुचना प्रकाशित मितिः-२०७७/९/१५

**समाजसेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञको सूचिकृत सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा बाल न्याय समबन्धी कार्य तथा सेवा प्रवाह गर्नका लागि बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ६२ को उपदफा (१) बमोजिम समाजसेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञको नामावली सूचिकृत गर्ने प्रयोजनार्थ बाल न्याय सम्पादन (कार्यविधि) नियमावली,२०७६ को नियम१३ ले समाजसेवी र नियम १४ ले बाल मनोविज्ञ वा बाल विशेषज्ञको योग्यता सम्बन्धी बिषयलाई मध्यनजर गरी समाज सेवी तथा बाल मनोविज्ञ वा वाल विशेषज्ञको रोस्टर खडा गर्नु पर्ने भएकोले देहायको योग्यता पुगेका व्यक्तिले आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र १ प्रति फोटो समेत संलग्न गरी यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस अदालतमा दरखास्त दिनको लागि सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

..................................
मदन प्रसाद जयसवाल
श्रेस्तेदार(उप-सचिव)

**योग्यता**

१ **बाल मनोविज्ञ वा बाल विशेषज्ञः**

- मान्यता प्राप्त विश्वविधालयवाट मनोविज्ञान विषय लिई कम्तीमा स्नातक तह वा सो सरह उपाधि प्राप्त गरेको वा
- मान्यता प्राप्त विश्वविधालयवाट कुनै पनि बिषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा बाल मनोविज्ञका सम्बन्धमा कम्तीमा २ महिनाको तालीम प्राप्त गरेको र
- फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

२ **समाजसेवीः-**

- मान्यता प्राप्त विश्वविधालयबाट सामाजिक कार्य,बालबिकास वा बाल अधिकारको विषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा,
- मान्यता प्राप्त विश्वविधालयबाट कुनै पनि बिषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा समाजसेवाका सम्बन्धमा कम्तीमा १ महिनाको तालीम प्राप्त गरेको र
- फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।